नगर कार्यपालिकाको
बैठक संख्या: ४३, २०७९-२०८४
मिति २०८१/०२/२८ को
निर्णय प्रमाणित ........

# <u>कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४३, २०७९-२०८४)</u>

मिति : २०८१ जेठ २८ गते

<u>निर्णयहरुः</u>

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगरपालिकाको पन्ध्रौं नगरसभामा पेश हुने योजना तथा कार्यक्रमहरुका लागि स्रोत अनुमान तथा सीमा निर्धारण समितिको मिति २०८१/०१/१० को निर्णय बमोजिम सबै बिषयगत समिति, शाखा एवं वडा कार्यालयको बजेट सिलिङ् एवं योजना तथा कार्यक्रमको मार्गदर्शनको विषयमा छलफल भयो । निर्धारित सिलिङ अनुसारको योजना तथा योजना तथा कार्यक्रम तर्जुमा गरी आगामी वर्षको लागि योजनाहरु नगरसभा पेश गर्ने ।

३. यस नगरपालिकाको पन्ध्रौं नगरसभा मिति २०८१/०३/१० देखि शुरु गर्ने/ एवं सभाको पहिलो बैठक २०८१ साल असार १० गते सोमवार नगरपालिकाको सभाहलमा दिनको १२:३० बजे गर्ने गरी मिति तोक्ने र निम्न अनुसारका एजेण्डा सहित सबै नगरसभा सदस्यहरुलाई जानकारी गराउने।

<u>निम्नः</u>

- कोहलपुर नगरपालिकाको आर्थिक विधेयक, २०८१
- कोहलपुर नगरपालिकाको विनियोजन विधेयक, २०८१
- आ.ब. २०८१/०८२ को बजेट, नीति तथा कार्यक्रम
- चालु आर्थिक वर्षमा नगर कार्यपालिकाले गरेका निर्णय एवं सिफारिस माथी छलफल
- समसायिक एवं दर्ता भएका प्रस्तावहरु उपर छलफल
- विविध विषयहरु ।

४. यस नगरपालिका अन्तर्गतका विभिन्न समितिहरुको निर्णय बारेमा बैठकमा जानकारी गराईयो । उक्त निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने गराउने ।

क. कोहलपुर वाङ्मय सभाको मिति २०८१/०२/०७ को निर्णय
ख. विपद व्यवस्थापन समितिको मिति २०८१/०२/०८ र २०८१/०२/२५ को निर्णय
ग. नगर शिक्षा समितिको मिति २०८१/०२/११ को निर्णय
घ. बसपार्क व्यवस्थापन समितिको मिति २०८१/०२/२१ को निर्णय
ङ. आर्थिक विकास समितिको मिति २०८१/०२/२७ को निर्णय

५. कोहलपुर नगरपालिकाको आगामी आ.ब. २०८१/०८२ को नीति योजना तथा कार्यक्रमका लागि सुझाव संकलन गर्ने कार्यक्रम तथा चालु आ.ब. २०८०/०८१ को हालसम्म भएका

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४३, २०७९-२०८४
मिति २०८१/०२/२८ को
निर्णय प्रमाणित ........

विकास निर्माण र सेवा प्रवाह विषयक तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ साल असार ३ गते दिनको १:०० बजे नगर कार्यपालिकाको कार्यालय स्थित सभाहलमा गर्ने ।

६. रझेना खानेपानी उपभोक्ता समितिलाई कार्यपालिकाको मिति २०८०/०७/१९ को निर्णय नं ९ मा खानेपानी पाइप विस्तारका लागि रु ५ लाख सहयोग गर्ने निर्णय भएकोमा खानेपानी पाइप विस्तार गर्ने कार्यका लागि सङ्घीय खानेपानी कार्यालयबाट सहयोग प्राप्त भएको भन्ने जानकारी प्राप्त भए अनुसार सो निर्णय अनुसारको रकम रझेना खानेपानी आयोजना पूर्वाधार निर्माण कार्यमा खर्च गर्ने गरी शीर्षक संशोधन गर्ने र रझेना खानेपानी उपभोक्ता तथा सरसफाई समितिको हातामा माटो पटान, ग्राभेल र गार्डेन पार्किङ लगायतका कार्यका लागि भुक्तानी गर्न निर्देशन दिने ।

७. कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने नाबालिक ईभा भट्टराई संरक्षक भानुभक्त भट्टराई समेत भएको संयुक्त नाममा दर्ता भएको निजी जग्गामा निजि वन दर्ताका लागि रितपूर्वकको निवेदन पेश हुन आएकोमा वातावरण तथा विपद व्यवस्थापन समितिको सिफारिस एवं वन ऐन, २०७६ र वन नियमावली, २०७९ को अधिनमा रही कोहलपुर नगरपालिकाको निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम निजी वन दर्ताका लागि स्वीकृति दिने ।

८. कोहलपुर नगर कार्यपालिकाको मिति २०८१/१२/०७ गतेको निर्णय नं २६ संशोधन गरी देहाय बमोजिमका कार्यक्रमहरुको भुक्तानी सञ्चार क्षेत्र प्रोत्साहन शीर्षकबाट खर्च लेख्न निर्देशन दिने ।

क. नेपाल पत्रकार महासंघको तर्फबाट कोहलपुर नगर क्षेत्रभित्रका सबै पत्रकारलाई समेट्ने गरी अनलाइन र मोबाइल पत्रकारिता तालिम सञ्चालन गरेको कार्यमा भएको खर्च रु ४ लाख ।

ख. मधु मिडिया प्रालि कोहलपुरद्वारा सूचना तथा फिचर प्रकाशनका लागि रु १ लाख ५० हजार भुक्तानी दिने ।

ग. कोहलपुर क्षेत्रका युवाहरुलाई समेटेर आधारभूत पत्रकारिता तालिमका लागि समाज रुपान्तरण मञ्च बाँकेको तर्फबाट पेश भएको प्रस्तावना स्वीकृत गरी रु १ लाख ५० हजार विनियोजन गर्ने ।

९. यस नगरपालिका अन्तर्गत कार्यरत सब ईन्जिनियर श्री कृष्ण बुढा (क.सं.नं. २४१९४९) ले निजामती सेवा ऐन, २०४९ को दफा ४९(क)२ बमोजिम कार्यालयको कामकाजमा बाधा नपर्ने गरी बिहान बेलुकाको समयमा अध्यापन गर्नका लागि प्रशिक्षण अनुमति पाउँ भनी निवेदन पेश गरेकोमा निजलाई कार्यालय समय बाहेक अन्य समयमा कार्यालयको कामकाजमा बाधा नपर्ने गरी अध्यापन अनुमतिका लागी स्वीकृति प्रदान गर्ने ।

१०. प्रदेश सरकारबाट शव वाहन खरिदका निकासा गरेको रकम रु १२ लाखबाट आवश्यक शववाहन खरिद गर्नका लागि कोहलपुर अस्पतालका नाममा रहेको खातामा रकम निकासा दिन निर्देशन दिने । कोहलपुर नगर अस्पतालले आवश्यकता अनुसार नगर अस्पताल सञ्चालन तथा

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४३, २०७९-२०८४
मिति २०८१/०२/२८ को
निर्णय प्रमाणित ..............

व्यवस्थापन समितिबाट निर्णय गरी कानून बमोजिमको प्रकृया पुरा गरी खरिद गर्न स्वीकृति प्रदान गर्ने ।

११. रेडियो प्रतिबोध एफएमलाई साबिकमा निकासा दिइएको बजेटबाट १५ थान ब्याट्री खरिदका लागि अपुग हुन गएको रकम रु ६१५००। भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट खर्च लेखी भुक्तानी गर्न निर्देशन दिने ।

१२. कोहलपुर नगरपालिका अन्तर्गत बन्ने घर वा संरचनाहरु भूकम्प प्रतिरोधी, दिगो र दरिलो बनाउने र घरनक्शा पास र कित्ताकाटमा एकरुपता ल्याउन कार्यविधि बनाई व्यवस्थित गर्न आवश्यक देखिएकोले देहाय बमोजिमको समिति गठन गरी आवश्यक प्रारम्भिक ड्राफ्ट आगामी कार्यपालिकामा पेश गर्ने ।

| | |
|---|---|
| क. ओपेन्द्रनाथ योगी, वडाध्यक्ष ९ नं वडा कार्यालय | संयोजक |
| ख. लाल बहादुर राना, वडाध्यक्ष ८ नं वडा कार्यालय | सदस्य |
| ग. पूर्वाधार शाखाको नक्शा हेर्ने कर्मचारी | सदस्य सचिव |

१३. चौधौं नगर सभाको बैठकबाट विभिन्न वडाहरुबाट विनियोजन भएको विपद व्यवस्थापन शीर्षकमा रहेको रकम खर्च गर्ने कार्यका लागि वडा समितिलाई देहाय बमोजिमको अधिकार प्रत्यायोजन गर्ने ।

क. मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद व्यवस्थापन (सडक संचालन तथा बस्ती संरक्षण)को कार्य गर्न रु) ५० हजार रुपैयाँसम्मको विपदजन्य कार्यमा उपकरण भाडामा लिने, नाली सरसफाई गर्ने, माटो पटान गर्ने, ग्राभेलिङ गर्ने समेतका अन्य आवश्यक पूर्वाधारजन्य कार्यका लागि वडा समितिको निर्णयानुसार वडास्तरबाटै कार्यदिश दिने एवं सम्झौता गर्ने,

ख. सो को लागत अनुमान र मूल्याङ्कन प्राविधिकबाट तयार गरी कार्यसम्पन्न भएपश्चात वडाको सिफारिश समेतका अन्य कागजात सहित भुक्तानीका लागि नगरपालिका लेखी पठाउने,

ग. विपदको कार्यको सूचना संकलन एवं विवरण तयार गर्ने कार्यमा नगर प्रहरीले सहयोग गर्ने ।

१४. कोहलपुर नगरपालिका वडा नं २ वर्दहवा गाउँ मन्दिर देखि लक्ष्मी मावि स्कुल कल्भर्ट सम्म सडक कालोपत्रे योजनाको म्याद २०८० चैत्र मसान्तमा सकिएकोमा निर्माण सामाग्रीको अभाव भएको र स्थानीयस्तरमा आएको अवरोधका कारण समयमा सम्पन्न हुन नसकेको भनी निर्माण व्यवसायीले म्याद थपका लागि दिएको निवेदन व्यहोरा मनासिब देखिएको कारण अन्तिम पटकका लागि उक्त योजनाको म्याद २०८१ जेठ मसान्तसम्मका लागि थप गर्ने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४३, २०७९-२०८४
मिति २०८१/०२/२८ को
निर्णय प्रमाणित ..............

१५. कोहलपुर नगरपालिका वडा नं ८ सरस्वती चोकदेखि पिपिरी चोकसम्मको सडक स्तरोन्नति योजनाको म्याद मिति २०८१ जेठ १५ सम्म रहेकोमा स्थानीयस्तरको विवादका कारण समयमा सम्पन्न हुन नसकेको भनी निश्चल कन्स्ट्रक्शनको तर्फबाट म्याद थपका लागि पेश भएको निवेदन अनुसारको व्यहोरा मनासिब देखिएको कारण उक्त योजनाको म्याद २०८१ असार १५ सम्मका लागि थप गर्ने ।

१६. कोहलपुर नगरपालिकाको चालु आ. व. २०८०/०८१ का लागि इन्धनतर्फ विनियोजन भएको रकम अपुग भएकोले आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी भूमि व्यवस्थातर्फ विनियोजन भएको रकमबाट बाँकी रहेको रकम इन्धन खर्चतर्फ रकमान्तर गरी खर्च लेख्न निर्देशन दिने । साथै सो बाट पनि रकम अपुग हुने देखिएमा कन्टेन्जेन्सी खर्चबाट भुक्तानी गर्न निर्देशन दिने ।

१७. छैठौं उपमेयर कप क्रिकेट प्रतियोगिता सञ्चालन गर्दा लागेको कुल रकम मध्ये नपुग भएको रकम रु २ लाख ५९ हजार रुपैयाँ युवा तथा खेलकुद प्रवर्द्धन तथा सहकार्य (खेलकुद शाखा) शीर्षकबाट रकमान्तर गरी भुक्तानी गर्न निर्देशन दिने ।

१८. मुक्ति आधारभूत विद्यालयलाई प्रदेश सरकारबाट प्राप्त भएको रकम रु १५ लाखबाट डिपिसि लेभलसम्मको कार्य पूरा नभई अधुरो रहने अवस्था देखिएकोले विभिन्न विद्यालय पूर्वाधार शीर्षकबाट सो कार्यका लागि २ लाख थप गरी कार्यसम्पन्न गर्न निर्देशन दिने ।

१९. कोहलपुर नगरपालिकाको बजेट पुस्तिकाको सि नं पुस्तकालय सहयोग कार्यक्रममा विनियोजन भएको रकम रु ५ लाखलाई देहाय बमोजिमका कार्यहरुमा खर्च गर्ने गरी क्रियाकलापगत बाँडफाँट गरी भुक्तानी दिन निर्देशन दिने ।

क. ज्ञानोदय पुस्तकालय तथा स्रोत केन्द्रमा समरसिवल जडान र सामाग्री सहयोग रु ४ लाख
ख. महेन्द्र पुस्तकालय नेपालगञ्जलाई सहयोग रु ५० हजार
ग. ज्ञानोदय पुस्तकालय लुम्बिनी प्रदेश सम्मेलनका लागि रु ५० हजार

२०. कोहलपुर नगरपालिका १२ नं वडा कार्यालयको मिति २०८१/०२/१४ गतेको निर्णयानुसार मिति २०८१ साल जेठ १३ गते आएको हावाहुरीका कारण क्षति भएका २ वटा घरहरुमध्ये दरिसा पुन मगर र कल्पना शाही (रेग्मी) को घरमा पुर्याएको क्षतिको क्षतिपुर्ति स्वरुप विपद व्यवस्थापन कोष कार्यविधि, २०७५ बमोजिम वडाको विपद व्यवस्थापन शीर्षकबाट जनही रु ४० हजारका दरले दिएको वस्तुगत सहायता बापत खर्च अनुमोदन गरी भुक्तानीका लागि निर्देशन दिने ।

धीलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४३, २०७९-२०८४
मिति २०८१/०२/२८ को
निर्णय प्रमाणित ..............

२१. चालु आ.ब. २०८०/०८१ को शाखा एवं वडातर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधन सम्बन्धमा सम्बन्धित समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने।

| वडा नं. ७ (वडा समितिको मिति २०८०/०९/२३ को निर्णय बमोजिम) | | | |
|---|---|---|---|
| साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समिती निर्णय |
| लक्षित कार्यक्रम रु.४,००,०००।- बाट (सि.नं. २९३) | भलिबल खरिद तथा माघी महोत्सव कार्यक्रम | १,००,००० | २०८०/०९/२३ |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत